# पाठ २३

१. परमेश्वरले अब्राहाम र सारालाई दिनुभएको छोराको नाम के थियो ?

- इसहाक ।

२. के अब्राहामलाई परमेश्वरले इसहाकको वंशबाट उद्धारकर्ता ल्याउने योजना गर्नुभएको छ भन्ने थाहा थियो ?

- थाहा थियो ।

३. अब्राहामलाई इसहाकको बलि देऊ भनी आज्ञा दिन परमेश्वर कसरी सक्षम हुनुभयो ?

- किनभने परमेश्वरले अब्राहामलाई जीवन दिनुभएको हो ।
- किनभने परमेश्वरले इसहाकलाई जीवन दिनुभएको हो ।
- किनभने परमेश्वरले सबै मानिसलाई जीवन दिनुभएको हो ।

४. परमश्वरले अब्राहामसँग इसहाका धैरै दरसन्तानहरूका पिता हुनेछन् र उद्धारकर्ता तिनका दरसन्तान हुनुहेनछ भनी प्रतिज्ञा गर्नुभयो, के परमेश्वर उहाँको मन बदल्नुभयो ?

- भएन ।

५. के अब्राहामले परमेश्वरले उहाँको मन बदल्नुभयो भन्ने ठाने ?
- ठानेनन् ।
- अब्राहामले परमेश्वर र उहाँको प्रतिज्ञामा विश्वास गरे ।

६. अब्राहामले यदि तिनले इसहाकलाई बलि दिए भने परमेश्वरले के गर्नुहुनेछ भनी विश्वास गरे ?
- अब्राहामले यदि तिनले इसहाकलाई बलि दिए भने परमेश्वरले तिनलाई मरेकाबाट जीवित पार्नुहुनेछ भनी विश्वास गरे ।

७. अब्राहाम किन इसहाकलाई बचाउन सक्षम थिएनन् ?
- किनभने अब्राहामले पहिल्यै इसहाकको बलिदान चढाउन छुरा उचालिसकेका थिए ।

८. इसहाक किन आफूलाई बचाउन सक्षम थिएनन् ?
- किनभने अब्राहामले इसहाकका हातखुट्टा बाँधेका थिए ।

९. के अरू मानिसहरू हामीलाई बचाउन सक्छन् ?

- सक्दैनन् ।

१०. के हामी आफैलाई बचाउन सक्छौं ?
- सक्दैनौं ।

११. को एकजना मात्रै हुनुहुन्छ जो हामीलाई बचाउन सक्नुहुन्छ ?
- परमेश्वर ।

१२. अब्राहामसँग कुरा गर्ने को हुनुहुन्थ्यो जसले इसहाकलाई बचाउनुभयो ?
- परमेश्वर ।

१३. इसहाकको ठाउँमा बलिदान चढाउन थुमा कसले जुटाउनुभयो ?
- परमेश्वरले ।

- परमेश्वरले किन थुमाको सिङ झाडीमा अल्झाउनुभयो ?
- किनभने परमेश्वर शुद्ध बलि मात्रै स्वीकार गर्नुहुन्थ्यो ।

- अब्राहामले किन त्यस ठाउँको नाउँ परमेश्वरले जुटाउनुहुन्छ राखे ?

- अब्राहामले बलिदानको लागि थुमा जुटाउनुभएजस्तै उहाँले एकदिन मानिसहरूलाई बचाउन उद्धारकर्ता पठाउनुहुन्छ भन्ने विश्वास गरेकाले त्यस ठाउँको नाउँ परमेश्वरले जुटाउनुहुन्छ राखे ।

- अब्राहामकी स्वास्नी सारा मरिन् र इसहाकले तिनकी आमाको निम्ति शोक गरे ।

- अब्राहामकी स्वास्नी सारा मरेपछि अब्राहामले तिनका छोरा इसहाकलाई सान्त्वना दिन के गरे ?

आउनुस् उत्पत्ति २४:६७ र २५:२० पद पढौं ।

[67] तब इसहाकले केटीलाई आफ्नो आमाको पालमा लग्यो। त्यही दिन इसहाकले रिबेकालाई विवाह गर्यो। ऊ रिबेकालाई अत्यन्तै प्रेम गर्थ्यो। यसकारण आफ्नी आमाको मृत्यु पछि उनले धेरै सान्तवना पायो।
[20] जब इसहाक चालीस बर्षका भए उनले रिबेका नाउँकी कन्यासित विवाह गरे। रिबेका पद्दन-आराम भनिने ठाउँकी थिइन् अनि अरामी बतूएलकी छोरी र अरामी लाबानकी बहिनी थिइन्।

- अब्राहामले तिनका छोरा इसहाकको निम्ति श्रीमती फेला पारे ।

- इसहाककी स्वास्नीको नाउँ के थियो ?
- रिबेका ।

- रिबेका अब्राहामलाई परमेश्वरले कनान जान अगुवाइ गर्नुअघि तिनी बसोबास गरेको ठाउँमा जन्मेकी थिइन् ।

- केही समयपछि अब्राहाम पनि मरे ।

- किनभने इसहाककी स्वास्नी रिबेका बाँझी थिइन् तिनी सन्तानलाई जन्म दिन सक्षम थिइनन् ।

- तर इसहाकले तिनका निम्ति प्रार्थना गरे र परमेश्वरले तिनको प्रार्थनाको उत्तर दिनुभयो ।

आउनुस् उत्पत्ति २५:२१-२३ पद पढौं ।

21 इसहाककी पत्नी रिबेका बाँझी थिई। यसर्थ इसहाकले
आफ्नी पत्नीका निम्ति परमप्रभुसित प्रार्थना गरे।

परमप्रभुले तिनको प्रार्थना सुन्नु भयो अनि रिबेका गर्भवती भइन्।

[22] जब रिबेका गर्भवती भइन्, उनले आफ्नो गर्भमा भएको शिशुबाट अत्यन्तै कष्ट सहनु पर्यो। उनको गर्भमा भएको शिशुहरू गर्भभित्रै आपसमा एका-अर्कामा लडाइँ गर्थे। रिबेकाले परमप्रभुसित प्रार्थना गरिन् अनि भनिन्, "मसित यस्तो किन भइरहेकोछ?" [23] परमप्रभुले उनलाई भन्नुभयो, "तिम्रो कोखमा दुइवटा राष्ट्रहरू छन्। दुइवटा राष्ट्रका राजाहरू तिमीबाट जन्मनेछन्, र तिनीहरू छुट्टीनेछन्। एउटा छोरो अर्को छोरोभन्दा शाक्तिशाली हुनेछ अनि जेठाले कान्छाको सेवा गर्नेछ।"

- रिबेकाका सन्तानहरू जन्मिनुभन्दा पहिले तिनले परमेश्वरसँग सन्तान मागिन् ।
- परमेश्वरले के भन्नुभयो ?

- परमेश्वरले रिबेकालाई तिनले जुम्ल्याहा सन्तान जन्माउनेछिन् र जेठाले कान्छाको सेवा गर्नेछ भन्नुभयो ।
- रिबेकाका जुम्ल्याहा सन्तान जन्मिनुभन्दा पहिले परमेश्वरलाई तिनीहरूको बारेमा सबै कुरा थाहा थियो ।

- रिबेकाले जुम्ल्याहा सन्तान जन्माउनुभन्दा पहिल्यै परमेश्वरलाई तिनीहरूको बारेमा सबै कुरा कसरी थाहा भयो ?

- परमेश्वरलाई सबै मानिसहरूको सबै कुरा थाहा हुन्छ ।
- परमेश्वरबाट लुक्ने कुरा केही पनि छैन ।

- हामी जन्मिनुभन्दा पहिल्यैदेखि हाम्रो बारेमा परमेश्वरलाई सबै कुरा थाहा छ ।

- हाम्रो विगतमा के भएको थियो परमेश्वरलाई सबै थाहा छ ।
- हामीमाथि अहिले भइरहेको सबै कुरा परमेश्वरलाई थाहा छ ।
- हामीमाथि भविष्यमा के हुनेछ त्यो सबै परमेश्वरलाई थाहा छ ।
- केही समय पछि रिबेकाले जुम्ल्यहा छोराहरू जन्माइन् ।

आउनुस् उत्पत्ति २५:२४-२६ पद पढौं ।

[24] अनि जब समय पूरा भयो तब रिबेकाले जुमल्याहा छोरा
जन्माइन्। [25] पहिलो छोरो रातो वर्णको थियो अनि उसको
छाला भुत्लाले बनिएको लुगा जस्तो थियो। यसर्थ उसको
नाउँ एसाव राखियो। [26] जब दोस्रो छोरो जन्मियो। उनले
पहिलो छोरो एसावको कुर्कुच्चा बलियोसित समातेको
थियो। यसैले उसको नाउँ याकूब राखियो। एसाव र याकूब
जन्मदा इसहाक साठी बर्ष पुगेका थिए।

- रिबेकाले जन्माएका जुम्ल्याहा दाजुभाइको नाउँ के थियो ?
- एसाव र याकूब ।

- एसाव पहिले जन्मेका जेठा थिए ।

आउनुस् उत्पत्ति २५:२७क पद पढौं ।

[27] केटाहरू हलहली बढे। एसाव एकजना सिपालु शिकारी
भयो अनि ऊ मैदानतिरै बस्न मन पराउँथ्यो।

- एसाव असल शिकारी थिए र धेरैजसो समय शिकारमा बिताउँथे ।

- के एसाव परमेश्वरमा विश्वास गर्थे ?
- गर्दैनथे ।

- याकूब दोस्रा छोरा थिए ।

आउनुस् उत्पत्ति २५:२७ख पद पढौं ।

तर याकूब शान्त स्वभावको थियो अनि पाल भित्रै बस्थ्यो।

- याकूबले भेडा र बस्तुभाउ पाले र शान्तिपूर्वक पालमा बस्थे ।

- के याकूबले परमेश्वरमा विश्वास गर्थे ?
- गर्थे ।

- एकदिन एसाव र याकूबका बीचमा केही घटना भयो ।

आउनुस् उत्पत्ति २५:२९-३४ पद पढौं ।

29 एकदिन एसाव शिकारबाट थाकेर भोकले हत्तु भएर फर्केर
आयो। याकूब एक भाँडा सिमी उसिनिरहेको थियो। 30 यसर्थ

एसावले याकूबलई भने, “म भोकले दुर्बल भइरहेकोछु। मलाई त्यो केही रातो सिमी खान देऊ।” (यही कारणले मानिसहरूले उसलाई एदोम भन्ने गर्द थिए।)

31 तर याकूबले उनलाई भने, “पहिला तिमीले मलाई जेठा छोराको जन्मअधिकार बेच्नु पर्छ।”

32 एसावले भने, “म भोकले मर्न आँटेकोछु। यदि म मरें भने मेरो बाबुको सबै सम्पत्तिले पनि केही सहायता गर्न सक्तैन। यसर्थ म मेरो अंश दिइहाल्छु।”

33 तर याकूबले भने, “पहिले मलाई वचन दे तैंले मलाई त्यो दिन्छस्।” यसकारण एसावले याकूबलाई वचन दियो।
एसावले आफ्नो बाबुको सम्पत्तिको आफ्नो जेष्ठ-अधिकार
याकूबलाई बेचि दियो।
34 तब याकूबले एसावलाई रोटी र भोजन दियो। एसावले खायो, र हिंड्यो। यस प्रकारले एसावले यो देखायो आफू पहिलो छोरो भएकोमा उसलाई आफ्नो जेष्ठ-अधिकारको कुनै पर्वाह छैन।

- एकदिन एसाव शिकारबाट फर्किए र तिनी धेरै भोकाएका थिए ।

- तिनले याकूबले रातो सूप बनाइरहेको देखे र याकूबसँग केही सूप मागे ।

- किनभने एसाव धेरै भोकाएका थिए त्यसैले तिनले आफ्नो ज्येष्ठाधिकार अलिकति सूपको लागि याकूबलाई बेचे ।

- एसावले किन आफ्नो ज्येष्ठाधिकार बेचे ?
- किनभने उनले त्यसलाई महत्त्व दिएनन् ।

- एसावले के कुरालाई महत्त्व दिए ?
- एसावले केवल आफ्नो भोकलाई महत्त्व दिए ।
- एसावले केवल आफ्नो शारीरिक आवश्यकतालाई महत्त्व दिए ।

- एसाव र याकूब कसरी फरक थिए ?
- एसावले तिनी पापमा जन्मिएका हुन् भन्ने कुरा विचार गरेनन् ।
- याकूबले तिनी पापमा जन्मिएका थिए भन्ने कुरा थाहा पाएका थिए ।

- एसावले तिनले परमेश्वरका विरुद्धमा पाप गरेका थिए भन्ने कुरा विचार गरेनन् ।
- याकूबलाई तिनले परमेश्वरका विरुद्धमा पाप गरेका थिए भन्ने थाहा थियो ।

- एसावले पापले मृत्यु ल्याउँछ भन्ने विचार गरेनन् ।
- याकूबलाई पापले मृत्यु ल्याउँछ भन्ने थाहा थियो ।
- एसावले परमेश्वरलाई पछ्याउने मन गरेनन् ।
- याकूबले परमेश्वरलाई पछ्याउन चाहे ।

- एसावले परमेश्वरले तिनलाई बचाउन उद्धारकर्ता पठाउनुहोस् भन्ने चाहेनन् ।
- याकूबले परमेश्वरले तिनलाई बचाउन उद्धारकर्ता पठाउनुहोस् भन्ने चाहे ।

- पहिले जन्मिएको हुनाले ज्येष्ठाधिकार एसावको थियो ।
- पहिले जन्मिएको हुनाले परमेश्वरले एसावको वंशबाट उद्धारकर्ता पठाउनुहुनेवाला थियो ।

- तर एसावले तिनको ज्येष्ठाधिकारको मूल्य बुझेनन् ।

- एसावले तिनका दरसन्तानहरूबाट परमेश्वरले उद्धारकर्ता पठाऊन् भन्ने चाहेनन् ।

- एसावले केवल रातो सूप खान चाहे ।
- एसावले त्यही चाहे जो तिनको पेटले माग्यो ।

- के हामी हाम्रो पेटले जे माग्यो त्यही गर्छौं की परमेश्वरले भनेको कुरा गर्छौं ?
- के हामी हाम्रो शरीरले जे माग्यो त्यही गर्छौं की परमेश्वरले भनेको कुरा गर्छौं ?

- यदि हामीले पेटले मागेको कुरा गर्छौं भने त्यसले हामीलाई मृत्युमा पुर्‍याउँछ ।

- यदि हामीले शरीरले मागेको कुरा गर्छौं भने त्यसले हामीलाई मृत्युमा पुर्‍याउँछ ।

- यदि हामीले परमेश्वरलाई पछ्यायौं भने उहाँले हामीलाई जीवनमा डोर्‍याउँनुहुनेछ ।

- किनभने एसावले परमेश्वरमा विश्वास गरेनन् त्यसैले परमेश्वरले याकूबलाई छान्नुभयो ।

- किनभने एसावले परमेश्वरमा विश्वास गरेनन् त्यसैले परमेश्वरले याकूबको वंशबाट उद्धारकर्ता पठाउन छान्नुभयो ।

- परमेश्वरले किन याकूबको वंशबाट उद्धारकर्ता पठाउन छान्नुभयो ?
- किनभने एसावले परमेश्वरमा विश्वास गरेनन् ।

- किनभने एसावले परमेश्वरमा विश्वास गरेनन् त्यसैले परमेश्वरले तिनको ज्येष्ठाधिकार याकूबलाई दिनुभयो ।

- जब परमेश्वरले याकूबलाई ज्येष्ठाधिकार दिनुभयो एसाव धेरै रिसाए ।

आउनुस् उत्पत्ति २८:१०-१३क पद पढौं ।

[10] याकूब बर्शेबा छोडेर हारानतिर लागे। [11] याकूबले आफ्नो
यात्रा शुरू गर्दा घाम डुबि सकेको थियो। यसर्थ रात
बिताउनको लागि याकूब एउटा ठाउँमा गए। याकूबले त्यहाँ
एउटा चिहान देखे अनि सुत्नको लागि त्यसैमा आफ्नो शिर
राखे। [12] याकूबले सपना देखे। एउटा सिंढ़ी पृथ्वीदेखि
स्वर्गलोक सम्म पुगेको थियो। याकूबले स्वर्गदूतहरू त्यस
सिंढ़ीमा तल र माथि गरिरहेको देखे। [13] याकूबले
स्वर्गदूतहरूलाई यस सिंढ़ी चढेको र ओर्लेको देखे। उनले
परमप्रभुलाई आफ्नो छेऊमा उभिएको देखे।

- परमेश्वरले तिनलाई दिनुभएको सपनामा याकूबले के देखे ?
- याकूबले एउटा भऱ्याङ देखे ।

- भऱ्याङको फेदले कहाँ छोएको थियो ?
- भर्‍याङको फेदले जमिनमा छोएको थियो ।

- भऱ्याङको टुप्पो कहाँ पुगेको थियो ?
- भऱ्याङको टुप्पो स्वर्गसम्मै पुगेको थियो ।

- भर्याङ्को फेदले जमिन छोएको र टुप्पो स्वर्गसम्मै पुगेको कुराको अर्थ के हो ??

- भर्याङ्ले स्वर्ग र धर्तिलाई सँगै जोडेको थियो ।

- भर्याङ्को टुप्पोमा को हुनुहुन्थ्यो ?
- परमेश्वर ।

- भर्याङ्मा को तलमाथि गरिरहेका थिए ?
- स्वर्गदूतहरू ।

- स्वर्गदूतहरूले भर्याङ्मा तलमाथि गरिरहनुको अर्थ के हो ?
- यही कि परमेश्वर याकूबको परमेश्वर बन्न चाहनुहुन्थ्यो ।
- परमेश्वरले किन याकूबलाई यो सपना देखाउनुभयो ?

- परमेश्वरले आउनुहुने उद्धारकर्ताको बारेमा याकूबलाई सिकाइरहनुभएको थियो ।

- परमेश्वरले याकूबलाई उद्धारकर्ताको बारेमा के सिकाइरहनुभएको थियो ?

- भऱ्याङले स्वर्ग र पृथ्वीलाई जोडेजस्तै परमेश्वरले उद्धारकर्ता पठाउनुहुनेवाला  थियो जसले मानिस र परमेश्वरलाई जोड्नुहुनेथियो ।

- आदिमा परमेश्वर आदम र हव्वासँग सँगसँगै हिड्नुहुन्थ्यो ।
- तर आदम र हव्वाले परमेश्वरको अवज्ञा गरे र तिनीहरू परमेश्वरबाट अलग भए ।

- आदम र हव्वाको निम्ति परमेश्वरसँग फेरि मिल्न जाने कुनै बाटो थिएन ।

- तर परमेश्वरले उद्धारकर्ता पठाउने प्रतिज्ञा गर्नुभयो जसले पृथ्वीका मानिस र स्वर्गका परमेश्वरलाई जोड्नुहुनेवाला थियो ।

- उद्धारकर्ता मानिसहरूलाई बचाउन आउनुहुनेवाला थियो ताकि परमेश्वर र मानिसहरू फेरि सँगसँगै हिँड्न सकून् ।

- यहाँ एउटा उदाहरण छ ।

- प्याट्रिक र जोसेफ एकदमै मिल्ने साथी थिए ।

- तिनीहरूका शत्रुहरूले ती दुवैजनालाई घृणा गर्थे ।
- तिनीहरूको शत्रु तिनीहरूको मित्रता देखेर डाहले भरिन्थ्यो ।
- एकदिन उक्त शत्रुले प्याट्रिक र जोसेफको मित्रता तोड्ने उपाय सोच्यो ।

- शत्रु प्याट्रिककहाँ गयो र भन्यो कि जोसेफ उसलाई ठेस पुर्‍याउँन चाहन्छ ।

- प्याट्रिकले शत्रुको झूठलाई पत्यायो र उसको साथी जोसेफबाट अलग भयो ।

- जोसेफले भने अझै पनि प्याट्रिकलाई माया गर्थ्यो र तिनीहरूको मित्रतालाई फेरि जोड्ने उपाय सोच्यो ।

- जोसेले आफ्नो छोरालाई प्याट्रिकसँग कुरा गर्न पठायो र त्यसलाई शत्रुले छल गरेको कुरा भन्न लगायो ।

- छोराको कारणले गर्दा प्याट्रिक र जोसेफ फेरि एकचोटि साथी बने ।

- शैतानले आदम र हव्वालाई छल गर्‍यो र तिनीहरू परमेश्वरबाट अलग भए ।

- तर पनि परमेश्वरले उद्धारकर्ता पठाउने प्रतिज्ञा गर्नुभयो जसले मानिस र परमेश्वरलाई सँगै जोड्नुहुनेवाला थियो ।

- जसरी भर्‍याङ स्वर्गसम्म पुग्ने एउटै माध्यम थियो त्यसरी नै उद्धारकर्ता परमेश्वरसम्म पुग्ने एउटै मात्रै माध्यम हुनुहन्छ ।

- तिनको सपनामा परमेश्वरले याकूबसँग कुरा गर्नुभयो ।

आउनुस् उत्पत्ति २८:१३क-१५ पद पढौं ।

परमप्रभुले भन्नुभयो, “म तिम्रो बाजे अब्राहामको परमेश्वर हुँ। म इसहाकको परमेश्वर हुँ। म तिमीलाई त्यो भूमि दिनेछु जहाँ तिमी सुतिरहेका छौ। म त्यो भूमि तिमी र तिम्रा सन्तानहरूलाई दिनेछु।
[14] तेरा सन्तानहरू त्यति विघ्न हुनेछन् जति पृथ्वीमा धूलोको कण छ। तिनीहरू पूर्व, पश्चिम, उत्तर अनि दक्षिणतिर फैलिएर बस्नेछन्। पृथ्वीमा बस्ने सबै जातिले तेरा सन्तानहरूको कारण आशीर्वाद पाउनेछन्।

[15] “म तेरो साथमा रहनेछु र तेरो रक्षा गर्नेछु तँ जहाँ गए पनि तँलाईं म यहाँ फर्काएर ल्याउनेछु। म तलाईं त्यसबेलासम्म छोड्ने छैन जबसम्म तेरो सन्तानहरूलाई म दिएको प्रतिज्ञा मैले पूरा गर्दिन।”

- विगतमा परमेश्वर मानिसहरूसँग सपनामा बोल्नुभयो ।

- आज परमेश्वर प्रायजसो मानिसहरूसँग कसरी बोल्नुहुन्छ ?
- आज परमेश्वर प्रायजसो मानिसहरूसँग उहाँको पुस्तक बाइबलद्वारा बोल्नुहुन्छ ।

- परमेश्वर किन याकूबसँग बोल्नुभयो ?
- परमेश्वरले याकूबसँग प्रतिज्ञा गरिरहुनभएको थियो ।

- जुन प्रतिज्ञा परमेश्वरले अब्राहाम र इसहाकसँग गर्नुभएको थियो सोही प्रतिज्ञा याकूबसँग गरिरहनुभएको थियो ।
- परमेश्वरले याकूबसँग के प्रतिज्ञा गर्नुभयो ?

- याकूबका धेरै दरसन्तानहरू हुनेछन् भनी परमेश्वरले प्रतिज्ञा गर्नुभयो ।
- उहाँले याकूबलाई आशिष् दिनुहुनेछ भनी परमेश्वरले प्रतिज्ञा गर्नुभयो ।
- याकूबको वंशबाट उद्धारकर्ता पठाएर संसारका सबै मानिसहरूलाई आशिष् दिनेछु भनी परमेश्वरले प्रतिज्ञा गर्नुभयो ।

- के परमेश्वरले उद्धारकर्ता पठाउनेछु भनी गर्नुभएको प्रतिज्ञा भुल्नुभयो ?
- भुल्नुभएन ।
- उद्धारकर्ता पठाउनेछु भनी गरेको प्रतिज्ञा परमेश्वरले भुल्नसक्नुहुन्न ।

- किन परमेश्वरले उद्धारकर्ता पठाउनेछु भनी गरेको प्रतिज्ञा भुल्नसक्नुहुन्न ?
- किनभने परमेश्वर भुल्नसक्नुहुन्न ।

- किनभने परमेश्वर परिवर्तन हुनुहुन्न ।
- किनभने परमेश्वर उहाँको प्रतिज्ञा कायम राख्नुहुन्छ ।

- अर्को बिहान याकूबले तिनको यात्रा जारी राखे ।

आउनुस् उत्पत्ति २९:१ पद पढौं ।

तब याकूबले आफ्नो यात्रा जारी नै राख्यो। त्यो पूर्व तिरको प्रान्तमा गए।

- हारानको भूमिमा नपुगुन्जेलसम्म याकूबले तिनको यात्रा जारी राखे ।

- हारानमा याकूब धेरै वर्षसम्म बसे ।
- हारानमा याकूबले दिदीबहिनीलाई विवाह गरे र बाह्रजना छोराका पिता बने ।

- हारानमा याकूबले बसोबास गरेको धेरै वर्षपछि फेरि परमेश्वर तिनीसित बोल्नुभयो ।
- याकूब हारानमै बसोबास गरिरहेको बेला परमेश्वरले तिनीसित के भन्नुभयो ?

आउनुस् उत्पत्ति २९:१३ पद पढौं ।

13 लाबानले आफ्नी बहिनीको छोरोको विषयमा सुने। यसर्थ लाबान उसलाई भेट्न हिंड्यो। लाबानले उसलाई जोडले अँगाल्यो, चुम्यो अनि घरमा लिएर गए। याकूबले के भएको थियो सम्पूर्ण घटनाको विवरण दियो।

- याकूबले हारानमा धेरै वर्ष बसोबास गरेपछि परमेश्वरले तिनलाई के भन्नुभयो ?

- परमेश्वरले याकूबलाई हारान छोडेर कनानको भूमिमा फर्किजान भन्नुभयो ?

- जब याकूब कनानको भूमिमा फर्किरहेका थिए परमेश्वरले याकूबको नयाँ नाउँ दिनुभयो ।

आउनुस् उत्पत्ति ३२:२८ पद पढौं ।

28 तब त्यो मानिसले भने, “तिम्रो नाउँ याकूब रहने छैन। अब तिम्रो नाउँ ‘इस्राएल’ हुनेछ। म तिमीलाई यो नाउँ दिन्छु किनभने तिमीले परमेश्वर र मानिससित युद्ध गरेका छौ अनि तिनीहरू तिमीलाई जित्न अयोग्य भए।”

- परमेश्वरले याकूबको नयाँ नाउँ के राख्नुभयो ?
- इस्रेल ।

- इस्रेलको नाउँको अर्थ परमेश्वरसँग सङ्घर्ष हो ।

- अर्को पाठमा हामी याकूबको बारेमा थप कुरा जान्नेछौं ।